# पञ्चमहालक्ष्मी ईण्डष्ट्रिज.प्रा.लि

फोन नं. ०७१-५१४०४३

तिलोत्तमा-१७ रुपन्देही ९८४७३१८३७९

## डिलरशिपको लागी दरखास्त फारम

हाल सालै खिचिएको पासपोर्ट साइजको

**श्रीमान् अध्यक्ष ज्यु,**

**पञ्चमहालक्ष्मी ईण्डष्ट्रिज प्रा.लि**

**गंगोलिया २ रुपन्देही, पर्सहवा**

**विषय : डिलरशिप लिने सम्वन्धमा**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनिबाट उत्पादित स्वाष्तिक ग्याँस को बिक्रीको लागी तपसील बमोजिमको व्यावसायिक बिवरण सहितको दरखास्त फारम भरि बुझाएको हुँदा सम्बन्धित क्षेत्रकको लागी डिलर दिन अनुरोध गर्दछु ।

व्यावसायको नाम :

प्रोपराईटरको नाम :

स्थायी लेखा नं. :

हाल गरी रहेको व्यावसाय :

व्यावसायको स्थायी/अस्थायी ठेगाना:

**प्रोपराईटरको स्थायी /अस्थायी ठेगाना** :

**सम्पर्क नं.: ……………………………………………………………………**

**लगानी गर्न सक्ने क्षमता: ……………………**

**कर्मचारी भएको वा नभएको :…………**

**व्यावसायीक क्षेत्र :………………………………**

**सवारी साधन सुविधा :…………………………**

**निवेदकको दस्तखत ………………………………**

## यस पञ्चमहालक्ष्मी ई.प्रा. लि बाट उत्पादित "स्वष्तिक ग्याँस" विक्री वितरणको लागी डिलरशिप लिने सम्बन्धी करार सम्झौता

जिल्ला रुपन्देही तिलोत्तमा -१७ स्थित पञ्चमहालक्ष्मी ईण्डष्ट्रिज प्रा.लि बाट उत्पादित "स्वष्तिक ग्याँस " को बिक्री बितरण गर्न जिल्ला ........................................................................ गा.वि.स/न.पा. ............................................................. वडा........... को श्री...................................................................................................................................................................... को नाममा रहेको फर्म......................................................................................................................... लाई "स्वष्तिक ग्याँस " को डिलर नियुक्ति गर्ने र सो बमोजिम बिक्री वितरण गर्न दुवै पक्षविच करार-सम्झौता तपशिल बमोजिम नियम तथा शर्त अनुरुप गरियो ।

## नियम तथा शर्तहरु

क) **"कम्पनि"** भन्नाले यस पञ्चमहालक्ष्मी ई.प्रा.लि.लाई जनाउने छ ।

ख) **"डिलर"** भन्नाले यस करारमा उल्लेख भएको फर्म वा बिक्रेतालाई जनाउने छ ।

१) यस करार बमोजिम नियुक्त डिलर व्यापारीक कारोवार गरेको फर्म वा बिक्रेताको रुपमा दर्ता भएको हुनु पर्नेछ ।

२)गा .वि.स./ न.पा.घोषित भएका स्थानका लागी डिलरशिप लिदा प्रत्येक डिलरले न्युनतम ..............................थान सिलिण्डर ग्याँसको रकम कम्पनिको खातामा जम्मा गर्नु पर्नेछ ।

३) डिलरबाट माग भए बमोजिमको ग्याँसको ग्याँस सिलिण्डर डिलर गोदामसम्म डिलर स्वयमले ढुवानी गर्नु पर्नेछ वा कम्पनिले तोकेको बमोजिमको भाडा दरमा कम्पनिको सवारी साधन प्रयोग गर्न सकिनेछ ।

४) ग्याँस सिलिण्डरको ढुवानी गर्दाको बखत चुहाबट र टुटफुट भएमा सिलिण्डर सिलबन्दी भएको अवस्थामा मात्र कम्पनि जवाफदेही हुने छ ।

५) विज्ञापन प्रचार प्रसार कम्पनि स्वंम आफैले गर्ने छ ।

६) डिलरले नेपाल सरकारले निर्धारण गरेको मुल्यमा डिलर कमिशन रु ............ प्रति सिलिण्डर प्राप्त गर्न सक्नेछ ।

७) यो सम्झौता अवधि हस्ताक्षर भएको मितिबाट १(एक) बर्ष सम्मको हुनेछ तथा आपसी समझदारीमा अवधि पुन थप गर्न सकिने छ ।

८) यस सम्झौताका बुदाहरु बाहेक अन्य कुनै विवाद उठेमा आपसी समझदारीमा सहमति हुन नसके कम्पनिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

९) डिलरले कम्पनिले जारी गरेको डिलरशिप न्युनतम आधारको पालना गर्नु पर्नेछ ।

क) डिलरले कारोबार स्थल बजार क्षेत्र भित्र राख्नु पर्नेछ ।

ख) ग्याँस राख्ने गोदाम सफासुग्घर र नेपाल सरकारले तोके बमोजिमको सुरक्षा व्यावस्था गरेको हुनु पर्नेछ

ग) डिलरले न्युनतम सवारी साधन तथा कर्मचारी राख्नु पर्नेछ ।

घ) सम्पुर्ण आर्थीक कारोवार बैंकबाट मात्र गरीने छ ।

१०) डिलरले आफ्नो बिक्री स्थलमा १०० के.जि.को तराजु अनिवार्य राख्नुपर्ने छ र उक्त तराजु सम्वन्धीत नकायबाट प्रत्येक आर्थिक बर्ष अनिवार्य रुपमा नविकरण गर्नुपर्ने छ ।

११) नियुक्ति भएका क्षेत्रका डिलरले न्युनतम मासीक .....................थान ग्याँस सिलिण्डर बिक्री गर्नु पर्ने छ लक्ष्य अनुरुपको सिलिण्डर बिक्री गर्न नसकेमा कम्पनिको निर्णय नै अन्तिम हुनेछ ।

१२) डिलरले कम्पनिको आधिकारीक सिलवन्दी गरेको सिलिण्डर मात्र बिक्री वितरण गर्नु पर्नेछ । सिलवन्दी नगरीएको सिलिण्डर बिक्री वितरण गरीएको पाईएको खण्डमा त्यसको कानुनी कारबाहीको जिम्मेवार स्वयम डिलर हुनेछ ।

१३) सिलिण्डर राखेको क्षेत्र वरिपरि कुनै पनि प्रज्वलनशिल वस्तु राख्न पाईने छैन । सो कारणले कुनै घटना घटेमा डिलर स्वयम जवाफदेही हुनेछ ।

१४) यस कम्पनिले नियुक्ती गरेका डिलरहरुले डिलर छोड्न चाहेमा कम्तीमा ३५ दिन अगावै कम्पनिमा लिखित जानाकारी दिनु पर्ने छ । डिलरको निवेदन कारण मानसीप भएमा निजको डिलरशिप बन्द गर्न सकिने छ तर यसरी डिलरशिप बन्द हुँदा कम्पनिसँग लिनुपर्ने वा दिनुपर्ने सम्पुर्ण आर्थिक कारोवार मिलान भएको हुनुपर्ने छ ।

माथी उल्लेखीत भए बमोजिमका पञ्चमहालक्ष्मी ईण्डष्ट्रिज प्रा.लि. बाट उत्पादित “स्वष्तिक ग्याँस” को डिलर नियुक्ती गरी बिक्री बितरण गर्ने सम्बन्धी सम्झौताको शर्तहरुमा हामी दुवै पक्षले राजी खुसी करार पत्रमा सहि छाप गरी दियौं ,लियौं । यो करार-पत्रको सम्झौता पञ्चमहालक्ष्मी ईण्डष्ट्रिज प्रा.लि.उद्योग परिस तिलोत्तमा -१७,पर्सहवा सम्पन्न भयो ।

| **कम्पनि तर्फबाट** | **डिलर तर्फबाट** |
|---|---|
| कम्पनि छाप | डीलरको छाप |
| **नाम** :................................... | **नाम** :................................... |
| **दर्जा** : ................................... | **दस्तखत** :................................... |
| **दस्तखत** :................................... | **मिति** :................................... |
| **मिति** :................................... | |

**इति संवत २०............... साल............... महिना............... गते ............... रोज शुभम् ।**

## जय पञ्चमहालक्ष्मी !